महेन्द्ररत्न बहुमुखी क्याम्पस र इलाम नगरपालिकाको

सहकार्यमा सञ्चालित

हरितनगर अध्ययन अनुसन्धान केन्द्र, इलाम

सञ्चालन निर्देशिका

२०७९

[Green city study & research center, Ilam]

Operating Guideline 2079

CamScanner

महेन्द्ररत्न बहुमुखी क्याम्पस र इलाम नगरपालिकाको

सहकार्यमा सञ्चालित

हरितनगर अध्ययन अनुसन्धान केन्द्र, इलाम

सञ्चालन निर्देशिका

२०७९

[Green city study & research center, Ilam]

Operating Guideline 2079

"हरितनगर अध्ययन अनुसन्धान केन्द्र, इलाम" को सञ्चालन निर्देशिका, २०७९

[Green city study & research center, Ilam] Operating Guideline 2079

प्रस्तावना :

इलाम नगरपालिका कार्यालय र महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलामबिच इलाम क्याम्पसलाई सन् २०२७ सम्ममा उत्कृष्ट शैक्षिक केन्द्रका रूपमा रूपान्तरण गर्नका लागि पृष्ठभूमि तयार गर्ने, म.र.ब.क्याम्पस, त्रिविको स्वायत्तता प्राप्त आङ्गिक क्याम्पस भएकोले क्याम्पसको विकास तथा उन्नयनका लागि उचित तथा सकारात्मक वातावरण तयार गर्ने, नेपाल सरकारबाट इलाम नगरपालिकालाई हरितनगर घोषणा गरिएकाले सो घोषणा कार्यान्वयनका लागि शैक्षिक, प्राज्ञिक वातावरण तयार गरी सहयोग गर्ने, इलाम नगरपालिका र क्याम्पसको क्याचमेन्ट वरिपरिको क्षेत्रहरूलाई संकारात्मक प्रभाव पारी क्याम्पसमा विद्यार्थीको चाप बढाइ गुणस्तर अभिबृद्धि गर्ने, शैक्षिक विकासमार्फत नागरिकहरूको जीवनस्तर प्रवर्द्धन तथा आर्थिक बृद्धि गर्ने अवस्था सिर्जना गर्ने, इलामलाई अध्ययन अनुसन्धानको थलो अर्थात केन्द्रका रूपमा विश्वमा पहिचान दिलाउने, हरित अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने, इलामको आर्थिक समृद्धिका लागि अध्ययन अनुसन्धानको वातावरण सिर्जना गर्ने जस्ता विविध उद्देश्य प्राप्तिका लागि दुवै पक्षको आपसी छलफल र सहमति अनुसार इलाम नगरपालिका र महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलामबिच मिति २०६९ चैत २० गते र २०७७/११/१० मा सम्पन्न सम्झौताहरू अनुसार हरितनगर अध्ययन अनुसन्धान केन्द्रको स्थापना गरिएको हुँदा त्यसलाई सुसञ्चालन गर्ने उद्देश्य लिई यो निर्देशिका जारी गरिएको छ।

CamScanner

उद्देश्य :

- इलाम क्याम्पसलाई सन् २०२७ सम्ममा उत्कृष्ट शैक्षिक केन्द्रमा रूपान्तरण गर्नेका लागि पृष्ठभूमि तयार गर्ने ।
- म.प.क्याम्पस विभिको स्वायत्तता प्राप्त आंशिक क्याम्पस भएकोले क्याम्पसको विकास तथा उन्नयनका लागि उचित तथा सकारात्मक वातावरण तयार गर्ने ।
- नेपाल सरकारबाट इलाम नगरपालिकालाई हरितनगर घोषणा गरिएकोले सो घोषणा कार्यान्वयनका लागि शैक्षिक, प्राज्ञिक वातावरण तयार गरी सहयोग गर्ने ।
- इलाम नगरपालिका र क्याम्पसको क्याचमेन्ट वरिपरिको क्षेत्रहरूलाई सकारात्मक प्रभाव पारी क्याम्पसमा विद्यार्थीको चाप बढाइ गुणस्तर अभिवृद्धि गर्ने ।
- शैक्षिक विकासमार्फत नागरिकहरूको जीवनस्तर प्रवर्द्धन तथा आर्थिक वृद्धि गर्ने अवस्था सिर्जना गर्ने ।
- इलामलाई अध्ययन अनुसन्धानको थलो, केन्द्रका रूपमा विश्वमा पहिचान दिलाउने ।
- हरित अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने ।
- इलामको आर्थिक समृद्धिका लागि अध्ययन अनुसन्धानको वातावरण सिर्जना गर्ने ।
- क्याम्पसको भौतिक, प्राज्ञिक, शैक्षिक तथा अनुसन्धान विकासमा क्रियाशील रहने ।

CamScanner

परिचय :

- यस निर्देशिकाको नाम हरितनगर अध्ययन अनुसन्धान केन्द्र, सञ्चालन निर्देशिका २०७९ रहने छ ।
- हरितनगर अध्ययन अनुसन्धान केन्द्र इलाम नगरपालिका र महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामको सहकार्यमा सञ्चालन हुनेछ ।
- यस केन्द्रको कार्यालय महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाममा रहनेछ र आवश्यकतानुसार सम्पर्क कार्यालय खोल्न सकिनेछ ।
- यो निर्देशिका हरितनगर अध्ययन अनुसन्धान केन्द्र सञ्चालक समितिले पारित गरेपछि लागु हुनेछ ।
- यस केन्द्रको व्यवस्थापन तथा सञ्चालन हरितनगर अध्ययन अनुसन्धान केन्द्र सञ्चालक समितिले गर्नेछ ।
- यस केन्द्रले नगरपालिका र क्याम्पसविच सम्पन्न सम्झौतापत्रको बुँदामा उल्लिखित कर्तव्य र दायित्वअनुसार काम गर्नेछ ।
- यस हरितनगर अध्ययन अनुसन्धान केन्द्रको कार्यालयमा राखिने बोर्डमा "महेन्द्ररत्न बहुमुखी क्याम्पस र इलाम नगरपालिकाको सहकार्यमा सञ्चालित, हरितनगर अध्ययन अनुसन्धान केन्द्र, इलाम" शब्द अङ्कित गरिनेछ र लेटरप्याडमा एकापट्टि क्याम्पसको लोगो र अर्कापट्टि हरितनगरको लोगो हुनेछ । केन्द्रको छापमा गोलाकारमा हरितनगर अध्ययन अनुसन्धान केन्द्र, इलाम स्था.२०७९ लेखी सोको भित्र षट्कोण र षट्कोण भित्र ग्रिनसिटीको लोगो रहनेछ ।

CamScanner

कार्यक्षेत्र :

हरितनगर अध्ययन अनुसन्धान केन्द्रमार्फत नेपाल सरकारको हरितनगर घोषणासम्बन्धी नीति, हरितनगरसम्बन्धी इलाम नगरपालिकाको रणनीतिक कार्य योजना र सो कार्य योजनाअन्तर्गत तयार हुने विविध कार्यक्रम तथा न.पा. को आवधिक तथा क्षेत्रगत योजनालाई लक्षित गरेर क्याम्पसको शैक्षिक, प्राज्ञिक र अनुसन्धानको क्रियाकलापलाई अगाडि बढाउने । यस कार्यका लागि नगरपालिकाले आन्तरिक तथा बाह्य स्रोत साधन परिचालनमा आवश्यक सहयोग गर्ने ।

- हरितनगर अध्ययन अनुसन्धान केन्द्रमार्फत समसामयिक अनुसन्धान, लघु अनुसन्धान, तालिम, सभा, गोष्ठी, बैठक, सेमिनार, अध्ययन अवलोकन भ्रमण जस्ता विविध क्रियाकलापहरू सञ्चालन गरी त्यसबाट प्राप्त हुने अभिलेखलाई अद्यावधिक गरेर राख्ने ।
- हरितनगर अध्ययन अनुसन्धान केन्द्रले हरितनगरसम्बन्धी सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन जस्ता विविध अध्ययन अनुसन्धानमूलक कार्यको प्रतिवेदन तयारी तथा प्रकाशन गर्ने ।
- हरितनगर अध्ययन अनुसन्धान केन्द्रको नियमित र निरन्तर सञ्चालनका लागि क्याम्पस र नगरपालिकाको संयुक्त सहमतिमा न.पा. को आवधिक योजना र नगरशिक्षा योजनालाई आधार मानेर कार्ययोजना तथा व्यावसायिक योजना तयार गरी लागु गर्ने ।
- नगरपालिकाले क्याम्पसको आवधिक रणनीतिक योजनालाई सफल बनाउन सो योजनामा न.पा. को जिम्मेवारी उल्लेख भएका बुँदाहरूलाई नगरशिक्षा योजनाको माध्यमबाट सहयोग गर्नेछ । इलाम नगरपालिकाको नगरशिक्षा योजनाको सफल कार्यान्वयनमा क्याम्पसले स्रोतसाधनसहित सक्रिय भूमिका खेल्ने ।
- हरितनगर अध्ययन अनुसन्धान केन्द्रको मासिक प्रगति विवरण सरोकारवाला निकाय क्याम्पस, नगरपालिका, जिसस, त्रिवि, विश्वविद्यालय अनुदान आयोग लगायत नेपाल सरकारमा पठाउने दायित्व सो केन्द्रको हुने र उल्लिखित सरोकारवाला निकायले हरितनगर अध्ययन अनुसन्धान केन्द्रको निरीक्षण तथा अनुगमन गर्न पाउने अधिकार सुरक्षित रहने ।
- क्याम्पसको भौतिक, शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानका लागि आवश्यकताअनुसार योजना बनाउने, स्रोतहरूको पहिचान गर्ने, सरकारी निकाय, सङ्घसंस्थासँग आवश्यक समन्वय गर्ने ।

निर्देशन समिति :

- यस केन्द्रको नीति निर्देशनका लागि क्याम्पस प्रमुख १, नगर प्रमुख १ र क्याम्पस प्रमुखबाट मनोनित विद्यावारिधि /एम.फिल.उपाधिप्राप्त सहप्राध्यापक व्यक्ति १ रहेको ३ सदस्यीय निर्देशन समिति गठन हुनेछ ।
- निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।
- केन्द्रको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, खर्च अनुमोदन गर्ने ।
- केन्द्रको नीति, निर्देशन तयार गर्ने र पारित गर्ने ।
- केन्द्रको उद्देश्य प्राप्तिका लागि कार्य समितिलाई आवश्यक निर्देशन तथा अधिकार प्रत्यायोजन गर्ने ।
- केन्द्रको उद्देश्य विपरीत कार्य गर्ने सदस्यहरूलाई आवश्यक कार्वाही गर्ने ।
- केन्द्रको कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- केन्द्रको सहकार्यसम्बन्धी सम्झौतापत्रमा उल्लेख नभएका कुराहरूको हकमा प्रचलित ऐन कानुन, नीति नियमको अधीनमा रही दुवै पक्षको आपसी समझदारीअनुसार गर्न निर्देशन दिने ।

CamScanner

कार्य समिति :

- यस केन्द्र संचालनका लागि सम्झौतामा उल्लेख भएअनुसार ७ सदस्यीय समिति गठन हुनेछ।

अध्यक्ष	-हरितनगर अध्ययन अनुसन्धान केन्द्रको प्रमुख, (क्याम्पसका हरितनगरसम्बन्धी अनुभवप्राप्त कर्मिमा उपप्राध्यापक पदमा कार्यरत)
सदस्यसचिव	-नगरपालिकामा कार्यरत अधिकृतस्तरको कर्मचारी १ जना।
सदस्य	-क्याम्पसको कृषि र पशुविज्ञान अध्ययन संस्थानअन्तर्गत बि.एस्सी.हर्टिकल्चर विभागमा प्राध्यापनरत शिक्षक १ जना।
सदस्य	-क्याम्पसमा कार्यरत शिक्षकहरूमध्येबाट २ जना
पदेन सदस्य	-क्याम्पस रहेको वडाका अध्यक्ष
सदस्य	-नगरप्रमुखबाट मनोनित १ जना बिगतमा प्राज्ञिक क्षेत्रमा काम गरेको बुद्धिजीवी

- कार्य समितिको सदस्यहरूको पदावधि तोकेअनुसार हुनेछ।
- कार्य समितिको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछ।
    - वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी निर्देशन समितिमा पेश गर्ने
    - निर्देशक समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने।
    - केन्द्रको आय व्ययको लेखापरीक्षण गर्ने गराउने।
    - आवश्यक कर्मचारीहरू नियुक्ति तथा सेवा सुविधाको निर्धारण गर्ने।
    - सम्झौतामा उल्लिखित कार्यहरू अतिरिक्त अन्य आवश्यक कार्यहरू गर्ने।
- कार्य समितिको वैठक कर्मिमा दुई महिनामा एक पटक र आवश्यकताअनुसार बस्नेछ । उक्त वैठकमा समितिले आवश्यकता ठानेको अन्य व्यक्ति तथा निकायलाई समेत आमन्त्रण गर्न सक्नेछ।
- समितिको वैठक आवश्यकतानुसार बस्नेछ र समितिका पदाधिकारीलाई तोकिएअनुसार वैठक भत्ता दिइनेछ।

आर्थिक व्यवस्थापन :

- यस केन्द्रको सञ्चालनका लागि क्याम्पस र नगरपालिकाको सहमतिमा आधा-आधा हिस्सेदारी भएको संयुक्त बजेटसहितको कार्ययोजना तयार गरिनेछ । सो बजेटमा कुनै एक पक्षले तोकिएको हिस्सेदारी भन्दा बढी लगानी गर्न इच्छा गरे सो खुला रहनेछ ।
- यस केन्द्रका लागि नगरपालिकाले जिल्ला समन्वय समिति, नेपाल सरकारलगायत दातृ निकायमा समेत पहल गर्नेछ भने क्याम्पसले समेत दातृ निकाय खोजी गरी आर्थिक, भौतिक सहयोग जुटाउनेछ ।
- यस केन्द्रको आफ्नो एउटा छुट्टै कोष रहनेछ र केन्द्रका नाममा प्राप्त हुन आएका रकमहरू यस कोषमा जम्मा गरिनेछ ।
- केन्द्रको बैक खाता क्याम्पस प्रमुख र सदस्य सचिवको हस्ताक्षरबाट सञ्चालन हुनेछ ।
- केन्द्रको वार्षिक आयव्ययको लेखा परीक्षण गरी सो प्रतिवेदन सार्वजनिक गरिनेछ ।

CamScanner

नगरपालिका र क्याम्पसको भूमिका :

- हरितनगर अध्ययन अनुसन्धान केन्द्र सञ्चालन सहकार्यसम्बन्धी सम्झौता र सो सम्झौता पश्चात् लागु निर्देशिकाको पालना गर्ने ।
- केन्द्रको आर्थिक व्यवस्थापनको कार्यमा वार्षिक र आवश्यकतानुसार बजेट व्यवस्थापन गरी सहयोग गर्ने ।
- केन्द्रको कार्यक्रमहरूको प्रभावकारिताका लागि आवश्यक सल्लाह, सुझाव तथा निर्देशन दिने ।
- केन्द्रले आवश्यकता महसुस गरी कर्मचारी तथा परामर्शदाता माग गरेमा निश्चित अवधिका लागि पठाउने ।
- केन्द्रको विकास, उन्नति र उन्नयनका लागि आवश्यक सहयोग पुऱ्याउने ।